# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
चक्रघट्टी, सुनसरी

### १.नं.प्रदेश नेपाल

**प्रथम पटक प्रकाशित मितिः२०७८/०२/१७**

## शिलबन्दी दरभाउ आव्हानको सूचना

यस बराहक्षेत्र नगरपालिकाको कृषि विकास शाखाको आ.व.२०७७/०७८ को वितिय हस्तान्तरण शसर्त अनुदानित मकै प्रर्वद्धन बालि विकास कार्यक्रमद्धारा कृषकहरुलाई ५० प्रतिशत मुल्य अनुदानमा यान्त्र उपकरण वितरण कार्यक्रम रहेको हुदा उक्त कार्यक्रम संचालनन गर्नका मकै छोड्याउने मेसिन उपलब्ध गराउने इच्छुक कृषि यान्त्र उपकरण विक्रेता फर्म/कम्पनी/सप्लायर्सहरुले यो सूचनाको अदिनमा रही १५ दिन भित्र मिति२०७८/३/२ गते दिनको १२:०० वजे भित्र शिलबन्दी दरभाउ पत्र दर्ता गर्नहुन आब्हान गरिएकोछ। बिस्तृत विवरण सहितको सुचना यस बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालयको वेवसाईट www.barahamun.gov.npमा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ।

| S.N | Items | Specifications | Quantity Numbers | Estimated Rate without VAT | Estimated Amount Without VAT |
|---|---|---|---|---|---|
| 3 | ***Maize Sheller*** | Power Sources: Single Phase Electric Motor<br>Double Tube<br>Capacity: not less than 1200 kg/hr<br>Material: Mild Steel<br>Power: 1.2 HP or above | 80 | ***19290*** | 1543200 |
| | ***VAT 13% (VAT Amount)*** | | | | 200616 |
| | Total amount | | | | 1743816 |
| | bank guarantee | | | | 52314.48 |

**शर्तहरुः-**

१.दरभाउ पत्र प्रति रु.१,०००।—(एकहजार रुपैया मात्र) फिर्ता नहुने गरि बराहक्षेत्र नगरपालिकाको आन्तरिक राजस्व खाता नं.०२२००१८२५३१२२मा जम्मा गरी मिति २०७८/३/२ गते दिनको १२:००वजे भित्र यस बराहक्षेत्र नगरपालिका नगर कार्यपालिकाको कार्यालयको वेवसाईट www.barahamun.gov.npमा गई डाउनलोड गरी शिलबन्धि दरभाउ पत्र पेश गर्नुपर्नेछ। शिलबन्दी दरभाउ पत्र पेश गर्दा निवेदनका साथै अध्यावधिक (नविकरण) भएको फारमको ईजाजत पत्र, कृषि यान्त्र उपकरण विक्रेता इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र (आ.व.२०७७/०७८ को) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि क्याटलग भए सो समेत संलग्न गर्नु पर्नेछ।

२. मितिः२०७८/०३/२ गते दिनको १२:००बजे सम्म शिलबन्दी दरभाउ पत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्र सोही दिन मितिः२०७८/०३/२ दिनको ठिक २:०० बजे यसै कार्यालयका प्रतिनिधिर शिलबन्दी दरभाउ पत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा शिलबन्दी दरभाउ पत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिती नभए पनि शिलबन्दी दरभाउ पत्र खोलीनेछ।

३. दरभाउ पत्र पेश गर्दा धरौटी बापतको रकम रु.५२३१५।—(बाउन्न हजार तिन सय पन्ध्र रुपैया मात्र) बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा जम्मा गरी सो बैंकको सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्कको ९० दिन म्याद भएको बिडबण्ड सक्कलै शिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ।

४. शिलबन्दी दरभाउ पत्र दाता खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नभएको स्वघोषणा दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ।

५. शिलबन्दी दरभाउ पत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र दरभाउ पत्र दाताको फर्मको नाम,ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।

६.प्राप्त शिलबन्दी दरभाउ पत्र मध्ये सबैभन्दा कम कबोल गर्ने एउटै वा फरक फरक शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्न सकिने छ।

७. प्राप्त शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

८. दरभाउ पत्र शर्त रहित,केर मेट नभएको, कार्यालयले वेवसाईटमा उपलब्ध गराएको फाराममा नै भरिएको, कुनै थप घट वा द्रष्टब्य नलेखेको हुनु पर्ने छ।

९. समयमा पेश नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउ पत्र माथि कुनै कार्वाही हुने छैन।

१०. शिलबन्धि दरभाउ पत्र पेश गर्ने फर्म/कम्पनी/सप्लार्यसहरुले कामको सम्वन्धमा राम्रो संग बुझि शिलबन्दी दरभाउ पत्र भरेको हुनु पर्ने छ।

११. शिलबन्दी दरभाउ पत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको दर रेटमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१२. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१३. शिलबन्दी दरभाउ पत्र दररेट उल्लेख गर्दा मु.अ.कर सहितको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. शिलबन्दी दरभाउ पत्र दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउ पत्र दाताको दरभाउ पत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत समेत जफत हुनेछ।

१५.नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदी शिलबन्दी दरभाउ पत्र पेश गर्ने फर्म स्वयमले व्यहोर्नु पर्नेछ।

१६.एक फर्मको नामबाट दखिला गरेको बैंक भौचरअर्को फर्मको नाममा पेश गर्न पाईने छैन।

१७.शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र सो आदेश प्राप्त भएको ७ दिन भित्र उल्लेखित सामग्री उपलब्ध गराउनु पर्नेछ। शिलबन्दी दरभाउ पत्र दाताले उपलब्ध गराएको यान्त्र उपकरण गुणस्तर हिन(टुटफुट भएको, स्पेसिफिकेशनमा उल्लेख भएको भन्दा फरक, हर्ज पावर कम वा वेस ) भएमा सामान फिर्ता गरिनेछ र सो को भुक्तानी गरीने छैन।

१८. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**